# सेतो झिंगा (White fly)

| | |
|---|---|
| *Bemisia tabaci* | *Hemiptera* |

## परिचयः

सेतो झिंगा (Whitefly) मुख्य रूपमा चुसेर खाने प्रकृतिको सानो झिंगा/भुसुना जस्तै उड्ने कीरा हो। नेपालमा प्रमुख रूपमा तरकारी (भण्टा, टमाटर, गोलभैँडा, लहरे बाली)मा देखिन्छ। सेतो झिंगाको वयस्क कीरा सानो (१–२ मिमी), शरिर हल्का पहेलो सेतो र पखेटामा सेतो पाउडर जस्तो देखिन्छ। यसले पातको तलपट्टि समूहमा अन्डा पार्छ। लार्भा (nymph) हरियो पारदर्शी वा पहेँलो जस्तो हुन्छ। यी झिंगाहरु बोट विरुवाको पातको मुनिपट्टी झुण्ड बनाएर बस्ने र हावा चल्दा छुँदा तुरुन्त उड्छन्।



## क्षतिका लक्षणहरूः

सेतो झिंगाको माउ र बच्चा दुवैले पातको तल्लो पट्टी बसेर पातको रस चुसेर बिरुवालाई कमजोर बनाउँछ। प्रभावित पात पहेंलो हुँदै सुक्छ। यस किराको वयस्कले निष्काषन गर्ने गुलियो पदार्थले गर्दा पातमा कालो ढुसि (sooty mold) लाग्न सक्छ र कालो ढुसिका कारण प्रकाश संश्लेषणमा बाधा पुग्छ। विभिन्न भाइरल रोग (जस्तै टमाटर लिफ कर्ल आदि) को संवाहकको रुपमा काम गर्छ। धैरै किरा लागेको खण्डमा बिरुवाको वृद्धि कम हुने, दाना नलाग्ने, लागेका दाना झर्ने, फलको स्तर झर्ने जस्ता समस्या उत्पन्न भई उत्पादनमा ३०–८०% सम्म हानी गर्दछ।



## व्यवस्थापनः

सेतो झिंगाको नियन्त्रणका लागि करेसाबारीको सरसफाईमा ध्यान दिने र बालिहरु मिश्रित रुपमा लगाउनु पर्छ। सेतो झिंगाले ग्रसित पातहरु जम्मा गरि नष्ट गर्नुपर्छ।अत्याधिक नाईट्रोजनयुक्त मलको प्रयोगबाट यस किराको प्रकोप बढ्ने हुनाले शिफारिस बमोजिम उचित मलखाद प्रयोग गर्नुपर्छ।प्रति रोपनि पाँचवटा पहेलो च्यापच्यापे पासो (Yellow sticky trap) को प्रयोगबाट यो झिंगा नियन्त्रण गर्न सिकिन्छ। निमको तेल (Neem oil) 5 ml/L पानीमा मिसाएर छर्कने साथै १ लिटर पानीमा ५ ग्रामका दरले जैविक विषादी ब्युभेरिया बेसियाना (Beauveria bassiana)को घोल बनाई पात भिज्ने गरी छर्ने। प्रकोप धैरै भएमा इमिडाक्लोप्रिड १७.८% SL (0.२ ml/L पानीमा) वा थायोमेथोक्जाम २५%WP २ ग्राम प्रति ५ लिटर पानिमा वा एसिटामिप्रिड २०%SP १ ग्राम १० लिटर पानीमा मिसाई छर्ने।






प्रवेश आचार्य, कृषि विकास कार्यालय, नुवाकोट

(९८५१२०००६३)

सविता घिमिरे, विदुर नगरपालिका, नुवाकोट

(९८२१४६८७३५)

२०८२ जेष्ठ



बागमती प्रदेश सारकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

बाली संरक्षण प्रयोगशाला, हरिहरभवन, ललितपुर